जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ६२ पृष्ठः ४ | २०८३ असार ११ बिहीबार (Thursday 25 June 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सप्तरी कारागारमा क्षमताभन्दा तीन गुणा बढी कैदीबन्दी, १२५ जनाको क्षमतामा ३६७ जना




**धीरेन्द्रप्रसाद साह**

राजविराज, १० असार। सप्तरीस्थित कारागार कार्यालयमा क्षमताभन्दा झण्डै तीन गुणा बढी कैदीबन्दी राखिँदा समस्या उत्पन्न भएको छ। अत्यधिक संख्याका कारण कैदीबन्दीलाई राम्ररी सुत्न र बस्न मिल्ने न्यूनतम सुविधा पाउनसमेत सास्ती भोग्नुपरिरहेको छ। कारागार कार्यालय सप्तरीका अनुसार यस कारागारको क्षमता महिला १० र पुरुष ११५ गरी जम्मा १२५ जना कैदीबन्दी राख्ने मात्र हो। तर, अहिले कारागारमा ३६७ जना कैदीबन्दी राख्नु परेको कारागार कार्यालय सप्तरीका कारागार प्रशासक (प्रमुख) रूपक मण्डलले जानकारी दिनुभयो। हाल कारागारमा ३४२ पुरुष र २५ महिला गरी कुल ३६७ जना कैदीबन्दी रहेका छन्। यो संख्या कारागारको वास्तविक क्षमताभन्दा २४२ जनाले बढी हो।

गत जेठ महिनाको सुरुआतमा कारागारमा ३७० जना कैदीबन्दी रहेका थिए। जेठ महिनाभर २३ जना नयाँ कैदीबन्दी थपिएका थिए भने २७ जना छुटेका छन्। चालु असार महिनाको विवरण अनुसार स्वदेशी कैदीतर्फ पुरुष २०५ र महिला सात जना तथा बन्दीतर्फ पुरुष १२५ र महिला १७ जना गरी कुल ३५४ जना रहेका छन्। विदेशी कैदीतर्फ पुरुष चार र बन्दी छ गरी १० जना रहेका छन्। यसै गरी कैदीबन्दीका आश्रित बालबालिकामध्ये दुई बालक र एक बालिका गरी तीन जना रहेका छन्।

कारागारमा रहेका कैदीबन्दीमध्ये अधिकांश कर्तव्य ज्यान, जबरजस्ती करणी, लागुऔषध, चोरी, सवारी ज्यान तथा अन्य फौजदारी मुद्दासँग सम्बन्धित सजाय भोगिरहेका वा पुर्पक्षका लागि थुनामा रहेकाहरू छन्। कारागारमा क्षमताभन्दा अत्यधिक कैदीबन्दी भएपछि आवास, स्वास्थ्य, सरसफाइ तथा दैनिक व्यवस्थापनमा ठुलो चुनौती थपिएको कारागार ब्लक 'ए' का मुख्य नायक कामेश्वर यादवले बताउनुभयो।

## तराई क्षेत्रमा निरन्तर तापक्रम वृद्धि, सतर्कता अपनाउन आग्रह



काठमाडौँ, १० असार। तराई क्षेत्रमा निरन्तर तापक्रम वृद्धि भइरहेको छ। जल तथा मौसम पूर्वानुमान महाशाखाले तराई भेगका सर्वसाधारणलाई तातोबाट जोगिन र सावधानी अपनाउन आग्रह गरको छ। जल तथा मौसम विज्ञान विभागका प्रवक्ता विभूति पोखरेलले आगामी तीन दिनसम्म सुदूरपश्चिम र लुम्बिनी प्रदेशका तराई क्षेत्रमा तातो हावा चल्ने पूर्वानुमान गरिएको जानकारी दिँदै बागमती र गण्डकी प्रदेशमा पनि तापक्रम बढ्ने सम्भावना भएकाले सावधानी अपनाउन अनुरोध गरे।

आगामी दिनमा धनगढीमा अधिकतम तापत्रमक्रम ४० डिग्री सेल्सियस र नेपालगञ्ज र भैरहवाको तापक्रम ४१ डिग्री सेल्सियस पुग्ने विभागको पूर्वानुमान उहाँले सुनाउनुभयो। वीरेन्द्रनगर र घोराहीको तापक्रम पनि बढ्ने छ। ती क्षेत्रका सर्वसाधारणलाई अत्यावश्यक काममा बाहेक दिउँसो घरबाहिर ननिस्कन, पर्याप्त पानी पिउन तथा स्वास्थ्यमा विशेष सावधानी अपनाउन प्रवक्ता पोखरेलले आग्रह गरे।

## मधेसमा सर्पदंशका घटना बढ्दै

**नवीन प्रियदर्शी**

जनकपुरधाम, १० असार। मधेस प्रदेशमा अत्यधिक गर्मी बढेसँगै सर्पदंशका घटनामा वृद्धि हुन थालेको छ। खेतबारीमा सर्पको गतिविधि बढ्दा सर्वसाधारण दैनिक रूपमा सर्पदंशको जोखिममा परिरहेका छन्। मधेस प्रदेशका विभिन्न जिल्लामा केही दिनदेखि अत्यधिक गर्मीका कारण विषरहित तथा विषालु प्रजातिका सर्पहरू देखा पर्न थालेका छन्।



सिराहामा चैतमा १५ जना, वैशाखमा २६ जना र जेठमा २५ जना सर्प टोकाइबाट उपचारका लागि सिराहा अस्पताल पुगेका र उनीहरु निको भएर घर फर्किएको प्रादेशिक अस्पताल सिराहाका प्रमुख डाक्टर सुनिलप्रसाद कुशवाहाले बताए। उनका अनुसार पछिल्लो समय दैनिक दुईदेखि तीन जना सर्प टोकाइका बिरामी अस्पतालमा आउने गरेका छन्।

त्यसैगरी जनकपुरधाम प्रादेशिक अस्पतालमा चैतमा १००, वैशाखमा १२० र जेठमा १४७ जना सर्प टोकाइका बिरामी आएको इमर्जेन्सीका इन्चार्ज उज्वलकुमार झाले जानकारी दिए। उनले भने, 'अहिले अन्य अस्पतालबाट रिफर भएर पनि हाम्रो प्रादेशिक अस्पतालमा बिरामी आउने गरेका छन्। सर्प टोकाइका लागि आवश्यक एन्टीभेनम पर्याप्त मात्रामा उपलब्ध छ र पछिल्ला तीन–चार महिनामा कसैको मृत्यु भएको छैन।' झाका अनुसार मधेस प्रदेशमा विशेषगरी विषरहित ढोडिया, हरहरा तथा विषालु करेत र गोमन सर्प बढी पाइन्छन्।

जलेश्वरमा पनि गत वैशाख महिनामा २३ जना सर्पदंशका बिरामी उपचारका लागि अस्पताल पुगेका थिए भने जेठमा त्यो संख्या बढेर ५६ पुगेको प्रादेशिक अस्पताल जलेश्वरका प्रमुख डाक्टर रवि श्रीवास्तवले बताए। महोत्तरीका १० नगरपालिका र पाँच गाउँपालिकामा गर्मी याममा सर्पदंशको जोखिम बढेको उनले बताए। अस्पतालमा सीमापारि भारतका विभिन्न स्थानबाट समेत बिरामी उपचारका लागि आउने गरेको अस्पताल प्रमुख श्रीवास्तवले जनाए। सर्पले डसेका बिरामीलाई दिने एन्टीभेनम औषधि पर्याप्त मात्रामा रहेकाले उपचारमा समस्या नरहेको अस्पताल स्रोतले दाबी गरेको छ। तर अस्पतालमा आइसीयु कक्ष नरहेकाले विषालु सर्पले डसेर आउने उच्च जोखिमका बिरामीलाई थप उपचारका लागि अन्यत्र रिफर गर्नुपर्ने बाध्यता रहेको देखिन्छ।

गर्मीको मौसममा सर्पदंशका घटना बढ्दै गएपछि

**–बाँकी दुई पेजमा**





**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812


## रेबिजबारे सचेत बनौं

- कुकुर तथा जंगली जनावरको टोकाईबाट रेबिज मानिसमा सर्न सक्छ।
- यसबाट बच्न:
- घरपालुवा जनावरलाई नियमितरुपमा रेविजविरुद्धको खोप लगाऔं,
- जनावरले टोकेमा तुरुन्तै साबुन पानीले कम्तीमा १५ मिनेटसम्म र ग्रिोसँग धोऔं र तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
- स्वास्थ्यकर्मीको सल्लाहबमोजिम रेविजविरुद्धको खोप लगाऔं,
- कुकुर तथा घरपालुवा जनावरलाई खुल्ला रुपमा नछाडौं,
- जंगली वा अपरिचित जनावरबाट टाढा बसौं,
- रेविज लाग्न नदिन समयमा विचार पुर्याऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## सबै नागरिकको पहुँचबिना निरर्थक

निकै तामझामसहित नेपाललाई खुला दिसामुक्त राष्ट्र घोषित गरिएको करिब एक दशक बितिसकेको छ। विडम्बना, अझै पनि नेपालमा शौचालयविहीन बस्तीहरू छन्। यस्तै बस्तीहरूको प्रतिनिधि उदाहरण हो धनुषाको सहिदनगर नगरपालिका–५ को पचहर्वा मुसहर बस्ती। यस दलित बस्तीका बासिन्दा अझै खुला ठाउँमा दिसा गर्न बाध्य छन्। पचहर्वा मुसहर बस्ती अपवाद होइन। गाउँहरूमा चर्पी बनाउन ध्यान नदिने तर देशलाई खुला दिसामुक्त घोषणा गर्नु नेपालको विसङ्गत विकास प्रवृत्तिको प्रतिनिधि उदाहरण हो। शौचालय नागरिकको अनिवार्य आवश्यकतामध्ये एउटा हो। सरकारमा पुगेकाहरू नागरिकप्रति जिम्मेवार हुँदा हुन् त शौचालयमा सबै नागरिकको पहुँच पुगेपछि मात्र देशलाई खुला दिसामुक्त राष्ट्र घोषणा गरिन्थ्यो।

विकासे विसङ्गति र शासकहरूको गैरजिम्मेवार प्रवृत्तिका उदाहरण नेपालमा त्यसो त बग्रेल्ती भेटिन्छन् तर कर्णाली राजमार्ग यसको सटीक उदाहरण हो। देशको विकट र सबैभन्दा पिछडिएको भूगोल कर्णालीमा सडक पुऱ्याउन सरकारले घोषणा त गऱ्यो तर पूरा गर्नका लागि प्रतिबद्धता र गम्भीरता देखाएन। नत्र, बीस वर्षअगाडि नै ट्र्याक खोलिएको कर्णाली राजमार्ग मृत्युमार्गको नामले चिनिने थिएन। राष्ट्रिय स्वतन्त्र पार्टीको सरकार घोषणा गरेजस्तै विगतको भारी बिसाएर अगाडि बढ्न उद्यत हो भने अब अहिलेको विकासे विसङ्गतिलाई पनि पन्छाउने उचित अवसर हो। कम्तीमा विकासका योजना तर्जुमा गर्दा कमजोर वर्ग, भौगोलिक विकटता, पिछडिएको क्षेत्रलाई विशेष प्राथमिकता दिएर न्यूनतम मानवोचित सुविधामा सबै नागरिकको पहुँच कायम गराउन प्राथमिकता दिओस्।

खुला दिसामुक्त राष्ट्रको घोषणा मात्र पर्याप्त हुँदैन, त्यसको लाभ सबै नागरिकसम्म पुगेको सुनिश्चित हुनुपर्छ। त्यसैले संघ, प्रदेश र स्थानीय सरकारले विकास योजना तथा बजेट तर्जुमा गर्दा दलित, भूमिहीन, सुकुम्बासी तथा भौगोलिक रूपमा पछाडि परेका समुदायलाई विशेष प्राथमिकता दिऊन्। धनुषाको पचहर्वा मुसहर बस्ती जस्ता स्थानमा घरघरमा शौचालय निर्माण सम्भव नभए सार्वजनिक वा सामुदायिक शौचालय निर्माणबाट सुरु गर्न सकिन्छ। यस्ता साना तर प्रभावकारी हस्तक्षेपले आधारभूत मानव अधिकारको सुनिश्चितताका साथै विकासका लाभ सबै नागरिकसम्म पुऱ्याउने राज्यको प्रतिबद्धता पनि प्रमाणित हुनेछ।

# नेपाली राजनीतिको दुर्भाग्य : उत्साहप्रद आरम्भ र दर्दनाक अन्त्य

**आररू. मानन्धर**

गौतम बुद्धको शिक्षामा पालि भाषाको एउटा वाक्यांश बारम्बार देखा पर्छ "आदि कल्याणम्, मज्झे कल्याणम्, परियोसान कल्याणम्" अर्थात् आरम्भमा राम्रो, बिचमा राम्रो र अन्त्यमा राम्रो। संस्कृतमा यही भाव "आदि कल्याणम्, मध्य कल्याणम्, अन्त्य कल्याणम" को रूपमा प्रतिध्वनित हुन्छ। पहिलो दृष्टिमा यो वाक्यांश एउटा नैतिक आदर्श वा उपदेशजस्तो लाग्न सक्छ– सुन्दा सुन्दर, तर यथार्थबाट टाढाको कुरा। युवावस्थामा मैले पनि यसलाई एउटा आकर्षक अमूर्त अवधारणाका रूपमा लिएको थिएँ। त्यति गहिरो सोच्नुपर्ने विषय उक्ति ठानेको थिइनँ।

उमेर ढल्किँदै जाँदा र दशकौँसम्म नेपाली राजनीतिलाई नजिकबाट नियाल्दै जाँदा यो शिक्षा केवल आदर्शवादी उपदेश नभई व्यावहारिक मार्गदर्शनका रूपमा बुझ्न थालेँ। अब बुझेँ, यसले नेतृत्व, शासन व्यवस्था र हाम्रो राष्ट्रिय भविष्यलाई हेर्ने एउटा स्पष्ट र गम्भीर दृष्टिकोण प्रदान गर्छ। हामी प्रायः भन्छौँ, अनुभव नै सबैभन्दा ठूलो शिक्षक हो। तर अनुभवबाट यत्तिकै सिकाइ प्राप्त हुँदैन। अनुभवमाथि चिन्तन, मूल्याङ्कन र आत्मनिरीक्षण (सेल्फ रिफलेक्सन) गर्दा बल्ल सिकाइ बन्छ। अनुभव त कच्चा पदार्थ मात्र हो। चिन्तनबिना इतिहासको चक्र घुमिरहन्छ, अघि बढ्दैन। नेपालको इतिहासमा उत्साहजनक आरम्भहरू किन भयावह अन्त्यमा पुगेर टुङ्गिन्छन्? यसको उत्तर बुद्धको यो सरल तर गहन शिक्षाको आलोकमा हेर्दा बल्ल टड्कारो देखिन्छ।

**आरम्भको सुन्दरता**

पहिलो भागः 'आदि कल्याणम्'ले सुरुवातको भावनात्मक शक्तिलाई समेट्छ। नेपालमा भएका प्रत्येक राजनीतिक परिवर्तन आशा, उत्साह र सम्भावनाको सामूहिक भावनाबाट सुरु भएका छन्। लेखकले आफ्नो जीवनकालमा देखेका घटनाको कुरा गर्ने हो भने २०४६ सालको जनआन्दोलनले पञ्चायत व्यवस्थाको अन्त्य गऱ्यो र राजतन्त्रअन्तर्गत बहुदलीय लोकतन्त्र पुनर्स्थापित गऱ्यो। अझै झल्झली छ– सडकहरू उत्सवमय थिए। जनताले निरंकुशताको अन्त्य, अनि स्वतन्त्रता, उत्तरदायित्व र गरिमामा आधारित नयाँ युगको उदय भएको विश्वास गरेका थिए।

२०६३ सालमा विस्तृत शान्ति सम्झौताले दशक लामो सशस्त्र द्वन्द्वको अन्त्य गऱ्यो। "नयाँ नेपाल" को सपनाले सुनौलो आशा जगायो। त्यसपछिको संविधानसभा निर्वाचनमा समावेशिता, न्याय र रूपान्तरणप्रतिको भरोसाले अभूतपूर्व जनउभार देखियो। २०६५ सालमा राजतन्त्रको अन्त्य भई नेपाल गणतन्त्रमा प्रवेश गऱ्यो– इतिहासको एउटा लामो अध्याय बन्द भयो र अर्को अध्याय खुल्यो। २०७२ सालमा नयाँ संविधान जारी भयो, जसलाई धेरै देशी–विदेशी विद्वानहरूले एउटा उत्कृष्ट प्रगतिशील र समावेशी दस्तावेजका रूपमा मूल्याङ्कन गरेका छन्।

कल्पना गर्न सकिन्छ, यसअघि, २००७ सालमा राणा शासनको अन्त्य र प्रजातन्त्रको प्रारम्भले पनि यस्तै प्रकारका नयाँ सपनाहरू जगाएको हुनुपर्छ। यी सबै क्षणहरूमा आरम्भको अनुपम सुन्दरता थियो। बुद्धको भाषामा भन्नुपर्दा, ती आदि कल्याण थिए– उत्साहजनक, प्रेरणादायी र सम्भावनाले भरिपूर्ण।

**बिचको परीक्षा**

बुद्धको शिक्षा आरम्भमै समाप्त हुँदैन। हरेक बिहान सुन्दर हुन्छ, तर दिनको मूल्य केवल सूर्योदयले होइन, दिनभरिका घटनाले निर्धारण गर्छ। अभिप्राय कार्यमा रूपान्तरित भयो कि भएन? वाचा परिणाममा बदलियो कि बदलिएन? मध्य कल्याणम्– बिचमा राम्रो। वास्तविक परीक्षा यहीँ हुन्छ। बिचको चरणमा आदर्शहरू यथार्थसँग ठोक्किन्छन्। यहाँ नाराको ठाउँ शासनले लिन्छ। संस्थाहरूमा रूपान्तरण हुनुपर्छ। नेतृत्वको मूल्याङ्कन हुँकारले होइन, साकार परिणामले गर्छ। नेपालको इतिहासले देखाउँछ कि प्रारम्भिक उज्यालो यहीँबाट मन्द हुन थाल्छ।

२०४६ सालपछिको लोकतान्त्रिक अभ्यास क्रमशः भ्रष्टाचार र अस्थिरतामा अल्झियो। जनविश्वास कमजोर हुँदै गयो। अपेक्षा तथा यथार्थबिचको दूरी बढ्दै गयो। समाजका विभिन्न वर्ग र जातिका आकांक्षा पूरा हुन सकेनन्। नागरिकहरूमा बढेको निराशाले सशस्त्र द्वन्द्वको उदयलाई बल पुऱ्यायो। देशभर गम्भीर क्षति निम्तियो। गणतन्त्रको स्थापना र २०७२ सालको संविधानपछि फेरि आशाको अर्को लहर उठ्यो। भूकम्प र नाकाबन्दीपछिको सङ्कटमा जनताले स्थायित्व र प्रखर नेतृत्वको खोजी गरिरहेका थिए। के.पी. ओलीको उदय र नेकपा (एमाले) को प्रभुत्वले त्यो सम्भावना प्रदान गर्नेजस्तो देखियो।

तर समयसँगै आन्तरिक विभाजन, शासनसम्बन्धी चुनौतीहरू र राजनीतिक विवादहरूले फेरि जनविश्वासलाई कमजोर बनायो। उपलब्धिको चरण– अर्थात् बिचको चरण– फेरि नाजुक साबित भयो। सिकाइ स्पष्ट छः सुरुवातले उत्साह दिन्छ, तर टिकाउने बिचको चरणले हो।

**सुन्दर अन्त्यको दुर्लभता**

अन्तिम भागः अन्त्य कल्याणम् – सायद देशको इतिहासमा सबैभन्दा दुर्लभ कुरा हो। राम्रो अन्त्य भनेको केवल कार्यकाल पूरा गर्नु मात्र होइन। यसको अर्थ गरिमाका साथ बिदा हुनु हो। संस्थाहरूलाई अझ सुदृढ बनाएर जानु र नागरिकहरूको अन्तर्मनबाट सम्मान प्राप्त गर्नु हो। यस्तो बिदाइ, जसले राहत होइन, आदर र आभारको अनुभूति गराओस्। विश्वभर, र विशेषतः नेपालमा, यस्ता अन्त्यहरू विरलै देखिन्छन्। सत्ताको मोह सूक्ष्म हुन्छ, र त्यसलाई सहजतापूर्वक त्याग्न निर्लिप्त चरित्र चाहिन्छ। अब्राहम लिङ्कनको चर्चित भनाइ छ, "प्रायः सबै मानिसहरू जस्तै विपत्ति पनि सहन सक्छन्, तर यदि कसैको चरित्रको परीक्षा लिन चाहनुहुन्छ भने, उसलाई शक्ति दिनुहोस्।"

नेपालको राजनीतिक इतिहासले एउटा परिचित ढाँचा देखाउँछ– प्रेरणादायी सुरुवात, समस्याग्रस्त मध्यकाल, र दर्दनाक अन्त्य। आशा र निराशाको यो चक्र लगभग पूर्वानुमान गर्न सकिनेजस्तो भइसकेको छ।

**फेरि अर्को नयाँ सुरुवात**

आज नेपाली जनता फेरि अथाह उमङ्गको नयाँ मोडमा उभिएको छ। नयाँ राजनीतिक दलहरूको उदय र व्यक्तित्वहरूको आगमनले नागरिकहरू, विशेष गरी युवाजमात, उन्मादको तहमा उत्साहित छन्। यसले उनीहरूभित्र रहेको इमानदार, दक्ष र उत्तरदायी नेतृत्वको चाहनालाई प्रतिबिम्बित गर्छ। अनलाइन र प्रत्यक्ष सार्वजनिक विमर्शमा सम्भावनाको नयाँ अनुभूति छ। धेरैलाई परिवर्तन आवश्यक मात्र होइन, सम्भव पनि छ भन्ने विश्वास छ। तर आशा आफैँमा रूपान्तरण होइन।

**चक्रलाई पूर्ण बनाउने आवश्यकता**

बुद्धले आदि, मध्य र अन्त्य तिनै कालको कुरा गरेजस्तै हिन्दू धर्ममा त्रिमूर्तिको अवधारणा छ। त्रिमूर्ति अर्थात्– ब्रह्मा, विष्णु र शिव। ब्रह्मा अर्थात् आदि वा सृष्टिकर्ता। विष्णु परिपालक, जीवनका सञ्चालक। शिव संहारक वा रूपान्तरणकर्ता। सृष्टि, संरक्षण र विसर्जन अलग–अलग कार्य होइनन्, तिनीहरू एउटै पूर्ण चक्रका अङ्ग हुन्। यसको गहिरो सन्देश सरल तर चुनौतीपूर्ण छ। ब्रह्मा आदि मात्र होइन, ज्ञानका देवता हुन्। नयाँ सुरुवात उत्साहको उडानले होइन, ब्रह्म (ज्ञान) बाट निर्देशित हुनुपर्छ। ज्ञान र बुद्धिसँग समन्वित हुँदा मात्र यात्राको आरम्भ चुस्त हुन्छ। ब्रह्माको भागमा उत्साह पर्दैन, गम्भीरता र प्रौढता पर्छ। उत्साह त विष्णुको भागमा पर्छ।

जीवनलाई टिकाइराख्ने विष्णु रणनीतिका कुशल खेलाडी हुन्। योजना, कूटनीति र युक्तिबिना जीवन यात्रा सम्यक् र सुखद हुँदैन। कुशल नेता उच्च स्थानमा देखिने गरी बस्दैमा पुग्दैन। समुद्र मन्थनलाई सम्भव तुल्याउन कुर्म बनेर सागरको पिँधमा बस्न पनि तयार हुनुपर्छ। अनि शिवको त के कुरा गर्नु? समुद्र मन्थनमा अरूले अमृतको लागि हारालुछ गर्दा लोककल्याणको लागि हलाहल पिउन पनि तयार हुनुपर्छ। कथाहरू त्यसै बनाइएका होइनन्। नत्र अन्त्य कसरी शिव हुन सक्छ? अन्त्यको कल्पना पनि हामीलाई भयावह लाग्छ। तर धर्मले अन्त्यलाई नै शिव अर्थात् शुभ बनाइदियो। ब्रह्मा र विष्णु नाम हुन्, तर शिव कल्याणकारी र मङ्गलकारी। नेपाललाई आशाजनक सुरुवातहरूको अभाव छैन। आवश्यकता छ त बिचको यात्राभर अखण्ड निष्ठा र उपलब्धिमूलक शालीन अन्त्यको।

**वास्तविक चुनौती**

चुनाव जित्नु त सफलताको आवरण मात्र हो। वास्तविक चुनौती जनविश्वासलाई दीर्घकालसम्म कायम राख्नु हो। विगतका असफलताहरू केवल आलोचनाको वस्तु होइनन्, सिक्न इच्छुकहरूका लागि तिनै जीवन्त पाठ हुन्। तर सिक्नका लागि विनम्रता चाहिन्छ, र विनम्रता नै प्रायः त्यस्तो कुरा हो, जसलाई शक्तिले सबैभन्दा बढी प्रतिरोध गर्छ। यदि नेपालले वास्तवमै अगाडि बढ्न चाहन्छ भने, सुन्दर सुरुवात, निराशोन्मुख मध्य र पीडादायी अन्त्यको चक्र तोड्नुपर्छ। किनभने अन्ततः कुनै राष्ट्रको मूल्याङ्कन उसका नेताहरू कति चम्किए उदाए भन्ने आधारमा होइन, उनीहरूले कति जिम्मेवारीपूर्वक शासन गरे र कति गरिमापूर्वक बिदा भए भन्ने आधारमा गरिन्छ। (लेखक पूर्वीय दर्शनका अध्येता हुन्।) रातोपाटीबाट

# पाँच वर्षमा दुई हजारभन्दा बढीले गुमाए ज्यान

**लक्ष्मी चौधरी**

जनकपुरधाम, १० असार। मधेश प्रदेशमा बर्सेनि सडक दुर्घटना बढ्दै जाँदा ट्राफिक व्यवस्थापन तथा सडक सुरक्षामा चुनौती थपिएको छ। सवारीसाधनको बढ्दो चाप, तीव्र सहरीकरण, सडक सञ्जाल विस्तार तथा ट्राफिक नियमको पालना कमजोर हुनु मधेशको सडक सुरक्षामा थप चुनौती बनेको हो। मधेश प्रदेश प्रहरी कार्यालयले सार्वजनिक गरेको पछिल्लो पाँच वर्षको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७७/७८ देखि आव २०८१/८२ सम्म प्रदेशभर २९ हजार १८३ सडक दुर्घटना भएका छन्। यी दुर्घटनामा दुई हजार ७४८ जनाले ज्यान गुमाएका छन् भने १० हजार ८६६ जना गम्भीर र ३६ हजार ४४२ जना सामान्य घाइते भएका छन्। तथ्याङ्कले मधेश प्रदेशमा औसत रूपमा हरेक दिन करिब १२ वटा सडक दुर्घटना हुने र प्रत्येक दुई दिनमा कम्तीमा एक जनाभन्दा बढी व्यक्तिले ज्यान गुमाउने अवस्था रहेको देखाएको छ।

गत वर्षको तुलनामा यस वर्ष २३ प्रतिशतले दुर्घटना बढेको तथ्याङ्कमा उल्लेख छ। आव २०८१/८२ मा सात हजार ४८३ दुर्घटना, आव २०८०/८१ मा छ हजार ५८, आव २०७९/८० मा पाँच हजार ९५८ वटा दुर्घटना भएको छ। आव २०७८/७९ मा पाँच हजार ७११ र आव २०७७/७८ मा तीन हजार ९८३ दुर्घटना भएका छन्। तथ्याङ्कले प्रदेशमा हरेक वर्ष दुर्घटनाको संख्या बढ्दै गएको सङ्केत गरेको छ। बढ्दो सवारी चापसँगै प्रभावकारी ट्राफिक व्यवस्थापन, सडक सुरक्षा र जनचेतना अभिवृद्धिको आवश्यकता झन् बढेको सरोकारवाला बताउँछन्।

**जिल्लागत अवस्था**

धनुषा जिल्लामा सबैभन्दा बढी दुर्घटना भएको छ। धनुषामा पछिल्लो पाँच वर्षमा चार हजार ८६८ दुर्घटना हुँदा ४२८ जनाले ज्यान गुमाएका छन्। बारामा चार हजार ४६८ दुर्घटना हुँदा ४१६ जनाको मृत्यु, सर्लाहीमा चार हजार ७२ दुर्घटनामा ३३६ जनाको मृत्यु भएको छ। सप्तरीमा तीन हजार ७२० दुर्घटना हुँदा ३८३ जनाको मृत्यु, सिराहामा तीन हजार ४२६ दुर्घटना हुँदा ३७९ जनाको मृत्यु, रौतहटमा तीन हजार ४०३ दुर्घटना हुँदा तीन सय जनाको मृत्यु, महोत्तरीमा तीन हजार ९१ दुर्घटनामा २९८ मृत्यु भएको छ। तुलनात्मक रूपमा सबैभन्दा कम दुर्घटना हुने आर्थिक राजधानीसमेत रहेको पर्सा जिल्लाको तथ्याङ्कले देखाएको छ। पर्सामा दुई हजार ३५ दुर्घटना हुँदा २०८ जनाको मृत्यु भएको छ।

**सबैभन्दा बढी दुर्घटना मोटरसाइकल**

मधेश प्रदेशमा सडक दुर्घटनामा संलग्न प्रमुख सवारीसाधनमध्ये मोटरसाइकल सबैभन्दा अगाडि छ। पछिल्लो पाँच वर्षको तथ्याङ्क अनुसार प्रदेशमा मोटरसाइकलबाट हुने दुर्घटना २८ हजार २७ पुगेको छ। सडक सुरक्षासम्बन्धी मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक (डिआइजी) ओम अधिकारीले प्रदेशको जनसंख्या वृद्धि, सवारीसाधनको विस्तार र सडक प्रयोगकर्ताको बढ्दो संख्याले ट्राफिक व्यवस्थापनलाई जटिल बनाएको बताउनुभयो।

उहाँले दुर्घटनाको बढ्दो ग्राफले मधेशमा ट्राफिक व्यवस्थापनलाई केवल प्रहरीको जिम्मेवारी मात्र नभई सरकार, स्थानीय तह र नागरिकको साझा सरोकारको विषय बनाएको उल्लेख गर्नुभयो। तीव्र गति, मादक पदार्थ सेवनलगायतका समस्यासँगै अव्यवस्थित सडक संरचनाले पनि जोखिम बढाएको उहाँले बताउनुभयो। नेपाल सडक सुरक्षा कार्ययोजनामा सन् २०३० सम्ममा सडक दुर्घटना ५० प्रतिशत न्यूनीकरण गर्ने लक्ष्य रहेको छ। सन् २०५० सम्ममा सडक दुर्घटनाबाट हुने मृत्युलाई शून्यमा ल्याउने योजना छ।

## मधेसमा सर्पदंशका...

सर्वसाधारणलाई सतर्कता अपनाउन प्रदेश स्वास्थ्य मन्त्रालयले आग्रह गरेको छ। समयमै अस्पताल पुगेर उपचार गराएमा ज्यान जोगाउन सकिने भएकाले झारफुक वा घरेलु उपचारमा विश्वास नगरी तत्काल स्वास्थ्य संस्थामा पुग्न मन्त्रालयले अनुरोध गरेको छ। यता सर्प विज्ञ देवनारायण मण्डलका अनुसार मधेस प्रदेशमा ३६ प्रकारका सर्प पाइन्छन्, जसमध्ये पाँच प्रकारका मात्रै विषालु छन्। उनले सर्पदंशबाट बच्न घर, गोठ तथा बारी–भारी सफा राख्नुपर्ने, सर्पले टोकेपछि तुरुन्त अस्पतालमा पुगेर उपचार गराउनुपर्ने तथा घर वा बारीमा सर्प देखिएमा उद्धार केन्द्रलाई खबर गरेर सर्पलाई सुरक्षित रूपमा उद्धार गराउनुपर्ने बताए।

# प्रदेश खारेजी : रास्वपाले खोल्यो नयाँ राजनीतिक द्वन्द्वको ढोका

काठमाडौं, १० असार। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले २१ फागुनको चुनावी अभियानअन्तर्गत माघ ५ गते जनकपुरमा पहिलो आमसभा राख्यो। त्यो आमसभाका मुख्य आकर्षण थिए– भावी प्रधानमन्त्रीको रूपमा अघि सारिएका बालेन शाह।

काठमाडौंको मेयरबाट राजीनामा दिएर प्रधानमन्त्रीको यात्रामा हिँडेका उनले जनकपुरमा मैथिली भाषामा सम्बोधन गरे। मधेशकै स्थानीय पहिरन लगाएर उनले मञ्चबाट भने, ‘धेरैले मलाई काठमाडौंमा र यहाँ जनकपुरमा पनि सोध्नुभयो– राष्ट्रिय स्वतन्त्र पार्टीको संघीयता र प्रदेशप्रतिको धारणा के हो ? म यो भन्न चाहन्छु, प्रदेशलाई अझ बलियो बनाउनुपर्छ।’

उनले यसो भनिरहँदा आमसभामा तालीको पर्रा छुट्यो। बालेन प्रदेशबारेमा थप व्याख्या गर्दै अघि बढे। र, भने, ‘प्रदेशको काम एउटा वडामा गएर ५० हजारको धारा जोड्ने होइन। प्रदेशको काम कम्तीमा तीन–चार वटा पालिकालाई जोड्ने हुनुपर्छ।’ उनले मेयर हुँदा संघले एउटा प्रशासकीय अधिकृत फेर्ने अधिकारसमेत नदिएको प्रसंग जोड्दै त्यस्तो अवस्था अन्त्य गर्ने घोषणा गरे। ‘अहिले जनकपुरको मेयरले प्रमुख प्रशासकीय अधिकृत फेर्नु पर्‍यो भने काठमाडौं जानुपर्छ। किन ? जनकपुर प्रदेशको राजधानी होइन र ? राजधानी हो भने काठमाडौं किन जानुपर्ने ? सबै काम यहीँ किन नहुने ? त्यसैले प्रदेशलाई बलियो बनाउनुपर्छ ताकि काठमाडौं जानु नपरोस्,’ बालेनले भनेका थिए, ‘यहाँ यस्तो व्यवस्था होस् कि काठमाडौं अधिकार माग्न होइन, घुम्नका लागि मात्र गइयोस्। पशुपतिनाथ र स्वयम्भू दर्शन गर्न मात्र काठमाडौं गइयोस्, अधिकार माग्न जान नपरोस्।’

करिब यस्तै खालका भाषण गर्दै उनी सातै प्रदेशमा दौडिए। कर्णाली पुग्दा ‘अब कर्णालीका सुइना, हम्मा सुइना’ भने। सुदूरपश्चिमको डडेलधुरातिर उक्लिँदा ‘सुदूर अब दूर नाइँ, झिकै झिकै माया तम्लाई’ भने। उनी र उनको दलको यस्तै वाचालाई मतदाताले विश्वास गरेर २१ फागुनको चुनावमा रास्वपाले करिब दुई तिहाइ सिट जित्यो। ४८ प्रतिशत मत रास्वपा एक्लैले ल्यायो। यही प्रचण्ड जनमतको बलमा बालेन शाह प्रधानमन्त्री बने। बालेन प्रधानमन्त्री बनेको करिब तीन महिना पुग्नै लाग्दा अहिले चितवनमा जारी रास्वपाको महाधिवेशनमा भने ती चुनावी वाचा बिर्साउने खालको दस्तावेज पारित भएको छ। रास्वपाले प्रदेशसभा खारेजीको एजेन्डा अघि सारेपछि बालेनको त्यो अभिव्यक्ति र पार्टीको वर्तमान निर्णयबीच स्पष्ट विरोधाभास देखिएको छ।

**दस्तावेजमा के छ ?**

महाधिवेशनमा मुख्य रूपमा दुई वटा दस्तावेजले प्रदेशको विषयमा बोलेका छन्। सभापति रवि लामिछानेले राजनीतिक दस्तावेज पेस गरेका थिए। उपसभापति स्वर्णिम वाग्लेले ‘अर्थ–राजनीतिक प्रस्तावना’ भन्दै अर्को दस्तावेज ल्याए। महाधिवेशनबाट पारित उपसभापति वाग्लेको वैचारिक दस्तावेजमा स्पष्ट रूपमा ‘प्रदेश सभाको खारेजीसहित संघीयताको पुनर्संरचना’ उल्लेख गरिएको छ। ‘हाम्रो संख्या र सामर्थ्य पुगेको दिन संविधान परिमार्जन गर्छौं। प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री, सांसद मन्त्री नबन्ने प्रणाली, दलविहीन स्थानीय तह एवं ७५३ को संख्यामा एक तिहाइ कटौती, प्रदेशसभाको खारेजीसहित संघीयताको पुनर्संरचना गर्छौं,’ उपसभापति वाग्लेको दस्तावेजमा छ।

दस्तावेजले प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री, सांसद मन्त्री नबन्ने व्यवस्था, स्थानीय तहको संख्या घटाउने, स्थानीय तहलाई दलविहीन बनाउने र प्रदेशसभालाई हटाउने प्रस्ताव अघि सारेको छ। रास्वपाका सभापति रवि लामिछानेको दस्तावेज चाहिँ स्वर्णिमको जस्तो स्पष्ट भाषामा छैन। संविधान संशोधनसम्बन्धी आफ्नो धारणा सार्वजनिक गर्दै प्रदेशसभा र प्रदेश सरकारको पुनर्संरचनाको पक्षमा पार्टी रहेको उनले बताएका छन्। ‘हामी प्रदेशसभा र प्रदेश सरकारको पनि पुनर्संरचना गर्ने पक्षमा छौं,’ रविको दस्तावेजमा छ। स्वर्णिमको दस्तावेजले खारेजीको कुरा गर्छ भने रविको दस्तावेजले पुनर्संरचनाको कल्पना गर्छ।

रास्वपाका दस्तावेजको तर्क छ, ‘संघीयताको उद्देश्य नागरिकलाई सेवा पुर्‍याउनु हो, तर प्रदेश तहले अपेक्षित कार्यसम्पादन गर्न सकेको छैन। त्यसैले पुनरावलोकन आवश्यक छ।’ देशको सबैभन्दा ठूलो र प्रचण्ड जनमतसहितको दलले नै प्रदेशसभा खारेज गर्ने राजनीतिक लाइन लिइसकेपछि यसले नेपालमा फेरि संघीयताको विषयमा नयाँ बहस भित्र्याएको छ। विश्लेषक तुलानारायण साहका अनुसार रास्वपाले यस्तो दस्तावेज पारित गर्नु कुनै अनौठो होइन। ‘रास्वपाको पहिलेदेखि नै संघीयताप्रति उदार भावना होइन। अहिले महाधिवेशनको दस्तावेजले त्यही पारित गर्‍यो,’ उनी भन्छन्, ‘चुनावमा जनमत नबिच्कियोस् भनेर मात्र रणनीतिक रूपमा सुधारिएको प्रदेशको कुरा गरेको थियो।’

नेपालमा संघीयता आन्दोलन, पहिचान, प्रतिनिधित्व र अधिकारको माग गर्दै दशकौं लामो संघर्षको परिणाम हो। २०४६ सालपछि बहुदलीय व्यवस्था पुनर्स्थापना भए पनि राज्य संरचना मूलतः काठमाडौं केन्द्रित नै रह्यो। मधेश, जनजाति, दलित, थारु, मुस्लिम तथा अन्य सीमान्तकृत समुदायहरू राज्य संयन्त्रबाट वञ्चित भएको अनुभूति गरिरहेका थिए। २०६२/६३ को जनआन्दोलन, त्यसपछि भएको मधेश आन्दोलन, थारु आन्दोलन, जनजाति आन्दोलन र पहिचानका लागि भएका विभिन्न संघर्षहरूले नेपालको सामाजिक नक्सा बदल्ने दबाब सिर्जना गरे।

विशेषगरी २०६३ र २०६४ सालका मधेश आन्दोलनहरू संघीयताको आधारशीला बने। दर्जनौं नागरिकले ज्यान गुमाए। सयौं घाइते भए। राज्य पुनर्संरचना बिना समावेशी लोकतन्त्र सम्भव नहुने निष्कर्ष त्यसबेला राष्ट्रिय सहमतिमा रूपान्तरण भएको थियो। त्यसैले संघीयता प्रशासनिक संरचना बदल्ने कुरा मात्र होइन, बलिदानी संघर्षबाट प्राप्त राजनीतिक सम्झौताको प्रतिफल पनि हो। ‘संघीयता भनेको त्यो सामाजिक विविधताको प्रबन्ध गर्ने राजनीतिक संयन्त्र हो। त्यो विविधतालाई इन्कार गरी सत्ताको बेगमा मात्र हिँड्न खोजे जस्तो देखियो,’ आदिवासी जनजाति महासंघका पूर्वमहासचिव डा. बालकृष्ण माबुहाङ भन्छन्।



**चनाखो मधेश**

रास्वपाको निर्णयप्रति बढी चनाखो मधेश प्रदेश देखिएको छ। हुन त अन्य प्रदेशहरू पनि अहिले आफ्नो अधिकार सुनिश्चितताका लागि आफैं संघर्ष गर्ने अवस्थामा छन्। तर, सबैभन्दा बढी संघर्ष संघीयताका लागि मधेशबाट भएको छ। त्यसैले रास्वपाको महाधिवेशनमा प्रखर रूपमा रास्वपाको प्रशंसामा शब्द खर्चिएका जनमत पार्टीका अध्यक्ष सीके राउतले दुई दिनपछि रास्वपाको निर्णयमाथि तिखो प्रहार गरेका छन्। प्रदेश खारेजी गर्ने रास्वपाको निर्णयप्रति आपत्ति जनाउँदै उनले यसलाई ‘चरम राजनीतिक बेइमानी’ को संज्ञा दिएका छन्।

उनको आरोप छ, ‘चुनावका बेला मधेशी पहिरन लगाएर, मधेशी भाषामा सम्बोधन गरेर, प्रदेशलाई बलियो बनाउने वाचा गरेर मत माग्ने अनि चुनावपछि प्रदेशसभा खारेजीको एजेन्डा ल्याउनु जनतासँगलाई धोका हो।’ राउतका अनुसार प्रदेशसभा हटाएर प्रदेश राख्ने अवधारणा वास्तवमा संघीयता होइन, प्रशासनिक विकेन्द्रीकरण मात्र हो। व्यवस्थापिका नभएको प्रदेश अन्ततः कर्मचारीतन्त्रद्वारा सञ्चालित इकाइमा सीमित हुन्छ। डा. माबुहाङका अनुसार राजनीतिक संयन्त्र वा व्यवस्थाहरूले हाम्रा सामाजिक अन्तरद्वन्द्व र विविधतालाई कसरी व्यवस्थापन गर्छन् भन्ने कुराको न्यूनतम जानकारी पनि नभएको देखियो। ‘विविधतालाई सम्बोधन नगर्ने यस्ता अपरिपक्व निर्णयहरूले अन्ततः मुलुकलाई फेरि द्वन्द्वतर्फ नै धकेल्ने जोखिम बढाउँछ,’ उनी भन्छन्।

**संघीयता असफल भएको हो ?**

संघीयताको विरोध गर्नेहरूको तर्क छ– प्रदेश सरकारले अपेक्षित विकास गर्न सकेनन्। कर्मचारी व्यवस्थापनमा समस्या रह्यो। अधिकार बाँडफाँट स्पष्ट हुन सकेन। धेरै ठाउँमा प्रदेश संरचना राजनीतिक नियुक्ति र खर्च बढाउने माध्यम जस्तो देखियो। नागरिकले प्रत्यक्ष लाभ अनुभूति गर्न सकेनन्। त्यसैले यसको काम छैन। संघीयता असफल भएको हो वा कार्यान्वयन गर्ने तरिका ठिक नभएको हो ? यी प्रश्नहरूलाई छुट्याएर हेर्नुपर्ने विज्ञहरूको धारणा छ।

संविधान जारी भएको एक दशक पनि पूरा भएको छैन। अझै संघीय निजामती सेवा ऐन बनेको छैन। प्रहरी समायोजन पूरा भएको छैन। प्रदेशहरूलाई संविधानले दिएका धेरै अधिकार व्यवहारमा हस्तान्तरण भएका छैनन्। यस्तो अवस्थामा बिरुवा हुर्किँदाहुर्किँदै फल लागेन भनेर जरा नै उखेलेर फालिदिने ? ‘संविधानमा केही अन्तर्विरोध वा कार्यान्वयनमा कमजोरी होलान्, तर त्यसको सुधार गर्ने नाममा विधि मिच्न पाइँदैन,’ विश्लेषक चन्द्रकिशोर भन्छन्, ‘लोकतन्त्रमा पात्र, प्रक्रिया र परिणाम गरी तीन वटा कुरा महत्त्वपूर्ण हुन्छन्। कमजोरी देखियो भन्दै संरचनाकै अन्त्य गर्ने प्रस्तावले राजनीतिक तनाव बढाउन सक्छ।’

**नयाँ ध्रुवीकरणको संकेत**

रास्वपाको निर्णयले मात्र तत्काल प्रदेश खारेज हुने अवस्था छैन। संविधान संशोधनका लागि आवश्यक दुई तिहाइ समर्थन अहिले कुनै पनि दलसँग छैन। तर, यसको राजनीतिक प्रभाव भने तत्काल देखिन सक्छ। संविधान निर्माणका क्रममा पहिचान सहितको संघीयता माग्ने शक्तिहरू पूर्ण रूपमा निष्क्रिय भएका छैनन्। मधेश, थारु र केही जनजाति समुदायमा अझै पनि अपूर्ण संघीयताको बहस जीवित छ। यस्तो अवस्थामा संघीयता खारेजीको एजेन्डा मुख्य पार्टीले अघि सार्दा नयाँ ुवीकरणको आधार बन्न सक्छ। जुन फेरि नेपालमा राजनीतिक ुवीकरणको नयाँ विन्दु बन्न सक्छ। विश्लेषक चन्द्रकिशोर भन्छन्, ‘बालेनले जनकपुरमा बलियो संघीयता’ बनाउने भनेका थिए, चुनाव जितेर गएपछि त्यसमाथि छलछाम गर्न थालियो।’ उनका अनुसार बालेनको बोली र अहिले रास्वपाको दस्तावेजका जोडकोण केही फरक देखिए पनि मुख्य उद्देश्य भने एउटै हो।

**संघर्षबाट जन्मिएको संघीयता**

नेपालमा संघीयता राजनीतिक दलको चुनावी घोषणापत्रबाट मात्र जन्मिएको अवधारणा होइन। यो राज्य संरचनामा समावेशिता, संघर्ष, बलिदानको बलमा स्थापना भएको हो। योसँग ठूला राजनीतिक आन्दोलन र भावनात्मक आयाम पनि जोडिएका छन्। त्यसैले २०७२ सालको संविधानले गणतन्त्र, संघीयता र धर्मनिरपेक्षतालाई आफ्नो मूल मर्म बनाएको हो। रास्वपाको प्रथम महाधिवेशनबाट पारित दस्तावेजले यो मूल मर्मको एउटा अंशप्रति फरक दृष्टिकोण अघि सारेको छ।

संघीयताका कमजोरीबारे बहस हुन सक्छ, हुनु पनि पर्छ। खर्च, कार्यक्षमता र जवाफदेहितामा प्रश्न उठाउन सकिन्छ। तर संघीयता नेपालमा किन आयो भन्ने ऐतिहासिक सन्दर्भ बिर्सेर गरिने निर्णयले कहाँ पुर्‍याउँछ ? किनकि, संघीयता प्रशासनिक संरचनासँग मात्र जोडिएको विषय होइन। यसमा राज्यबाट बहिष्कृत समुदायहरूको प्रतिनिधित्वको माग, पहिचानको संघर्ष र शहीदहरूको बलिदानसँग पनि गाँसिएको छ। आदिवासी जनजाति महासंघका पूर्वमहासचिव डा. माबुहाङका अनुसार यस्तो निर्णयले मुलुकलाई ठूलो अन्योल र फेरि संक्रमणतर्फ धकेल्न सक्छ।

‘हाम्रा अमूल्य १० वर्ष सशस्त्र द्वन्द्वमा बिते। त्यसपछिको १० वर्ष संविधान निर्माण र राजनीतिक संक्रमणको अलमलमै बित्यो,’ उनी भन्छन्, ‘अब फेरि स्थापित भइसकेको व्यवस्था उल्ट्याउने र अन्योलहरू सिर्जना गरेर अर्को १० वर्ष खेर फाल्ने हो ? मुलुकका लागि योभन्दा ठूलो दुर्भाग्य के हुन सक्छ ?’




## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशन सम्बन्धी सूचना

यस NINGBO EASY WAY TECHNOLOGY CO., LTD बाट पैठारी गरेका देहायको मालवस्तुको अधिकतम खुद्रा बिक्रीमूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| S.No. | Particular | Brand | Model | Capacity | Origin | Unite | Rate |
|---|---|---|---|---|---|---|---|
| 1 | Electric Rikshaw | Green Motors | TYO3 | 1200W | China | Set | 336000.00 |

BUYER: SHYAM IMPORT & EXPORT PVT. LTD
PAN NO: 609992915
PHONE : 9802319297
ADRESS: LAHAN-01, SIRAHA, NEPAL

# चोरी गरी अमेरिका पुर्‍याइएका नेपालका दुई अमूल्य मूर्ति फिर्ता

काठमाडौँ, १० असार। नेपालबाट चोरी गरी अमेरिका पुर्‍याइएका नेपालका दुई वटा अमूल्य मूर्ति फिर्ता नेपाललाई फिर्ता गरिएको छ। न्युयोर्कस्थित नेपाली महावाणिज्यदूतावासमा आयोजित विशेष हस्तान्तरण समारोहमा न्युयोर्कको सरकारी वकिलको कार्यालयले पद्मपाणी र नृत्यदेवीका मूर्तिको स्वामित्व औपचारिक रूपमा नेपाल सरकारलाई हस्तान्तरण गरेको हो। समारोहमा न्युयोर्कस्थित नेपाली महावाणिज्यदूत दधिराम भण्डारी तथा म्यानहटन सरकारी वकिलको कार्यालयअन्तर्गतको पुरातात्विक वस्तु तस्करी नियन्त्रण एकाइका प्रमुख कर्नेल म्याथ्यु बोग्डानोसले हस्तान्तरणसम्बन्धी सहमति पत्रमा हस्ताक्षर गर्नुभयो।

महावाणिज्य दूतावासले जारी गरेको विज्ञप्ति अनुसार तेह्रौँ शताब्दीको कास्य पद्मपाणीको मूर्ति काठमाडौँस्थित थमबहिल ( विक्रमशील महाविहार, भगवानबहाल) को अनुपम कलाकृति मानिन्छ। उक्त मूर्तिको अन्तिम तस्बिर सन् १९७१ मा लिइएको अभिलेखमा उल्लेख छ भने सन् १९७१ र १९७७ बीच कुनै समयमा अवैध रूपमा अमेरिका पुर्‍याइएको ठानिएको छ। त्यसैगरी, सोह्रौँ शताब्दीको काठबाट निर्मित नृत्यदेवीको मूर्ति ललितपुरको इबहा बहीको उत्कृष्ट काष्ठकलाको नमुना मानिन्छ। उक्त मूर्ति सन् १९६९ र १९८३ बीच कुनै समयमा चोरी गरी अमेरिका लगिएको अनुमान गरिएको छ। पछि यो मूर्ति न्युयोर्कस्थित महानगर सङ्ग्रहालयबाट बरामद गरिएको थियो।

यी दुवै सम्पदा न्युयोर्क सरकारी वकिलको कार्यालयले अमेरिकी गृह सुरक्षा अनुसन्धान निकाय तथा अन्य साझेदार संस्थासँगको सहकार्यमा खोजी गरेर नेपाललाई हस्तान्तरण गरिएको हो। त्यस अवसरमा महावाणिज्यदूत भण्डारीले नेपाल सरकार तथा नेपाली जनताका तर्फबाट अमेरिकी सरकार, न्युयोर्क सरकारी वकिलको कार्यालय, गृह सुरक्षा अनुसन्धान निकाय, अनुसन्धानकर्ता, संग्रहालय, सम्पदा संरक्षण अभियन्ता तथा समुदायका सदस्यप्रति आभार व्यक्त गर्नुभयो। उहाँले सबैको संयुक्त प्रयासबाट यी अमूल्य सांस्कृतिक सम्पदाको खोजी, नेपाललाई पुनः स्वामित्व प्राप्ति र स्वदेश फिर्ती सम्भव भएको बताउनुभयो।

नेपाल र अमेरिकाबीच सांस्कृतिक सम्पदाको अवैध ओसारपसार नियन्त्रणका लागि विकसित हुँदै गएको सहकार्य अन्तरराष्ट्रिय साझेदारीको उत्कृष्ट उदाहरण भएको तथा साझा सांस्कृतिक सम्पदा संरक्षणप्रतिको प्रतिबद्धताको प्रतीक भएको उहाँको भनाइ थियो। उहाँले अमेरिकास्थित नेपाली समुदाय तथा सामुदायिक संस्थाहरू, विशेषगरी नेवा गुठी न्युयोर्कलाई नेपालका सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनमा पुर्‍याएको योगदानका लागि धन्यवाद दिनुभयो। हस्तान्तरणपछि ती दुवै सम्पदालाई यही जुन २५ मा नेपाल पठाइने जनाइएको छ। ढुवानी तथा व्यवस्थापनको कार्य नेपाली महावाणिज्यदूतावास र नेवा गुठी न्युयोर्कको समन्वयमा गरिनेछ भने गुठीका प्रतिनिधिहरूले सम्पदासँगै नेपालसम्म यात्रा गर्नेछन्।

काठमाडौँ आइपुगेपछि ती सम्पदा पुरातत्त्व विभागलगायत सम्बन्धित सरकारी निकायलाई हस्तान्तरण गरिनेछ। समारोहमा न्युयोर्क सरकारी वकिलको कार्यालय, गृह सुरक्षा अनुसन्धान निकाय, नेवा गुठी, मेट्रोपोलिटन म्युजियम, प्राध्यापक, नेपाली समुदायका सदस्य, सम्पदा संरक्षणकर्मी तथा सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो।

# ढल्केबरमा ८.४४ ग्राम खैरो हेरोइनसहित एक जना पक्राउ

**रवीन्द्र उप्रेती**

बर्दीबास, १० असार। लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय बर्दिबास र इलाका प्रहरी कार्यालय ढल्केबरको संयुक्त टोलीले खैरो हेरोइनसहित एक युवकलाई पक्राउ गरेको छ। विशेष सूचनाका आधारमा ब्युरो शाखाका असई सरोज अधिकारी र इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक लक्ष्मण केसीको संयुक्त कमान्डमा खटिएको प्रहरी टोलीले आज मिथिला नगरपालिका–७ स्थित पूर्वपश्चिम राजमार्गमा चेकजाँचका क्रममा एक युवकलाई नियन्त्रणमा लिएको हो।

प्रहरीका अनुसार ढल्केबर बजारबाट बर्दिबासतर्फ आउँदै गरेको ज.१३ प. १३२८ नम्बरको मोटरसाइकल रोकी जाँच गर्दा चालक मिथिला नगरपालिका–१, लक्ष्मीनिवास निवासी २३ वर्षीय विजय यादवको साथबाट लागुऔषध बरामद गरिएको हो। जाँचका क्रममा यादवले लगाएको पाइन्टको दाहिने खल्तीमा लुकाइछिपाइ राखेको अवस्थामा खैरो हेरोइन जस्तो देखिने गिलो पदार्थ फेला परेको प्रहरीले जनाएको छ। बरामद पदार्थलाई तत्काल मान्यता प्राप्त तराजुमा तौल गर्दा प्लास्टिकसहित ९.०५ ग्राम तथा प्लास्टिकबाहेक शुद्ध तौल आठ ग्राम ४४० मिलिग्राम रहेको पाइएको थियो।

लागुऔषधसहित पक्राउ परेका यादवलाई नियन्त्रणमा लिई आवश्यक थप अनुसन्धान तथा कानुनी कारबाहीका लागि इलाका प्रहरी कार्यालय ढल्केबर, धनुषामा बुझाइएको प्रहरीले जनाएको छ। प्रहरीले पछिल्लो समय बिपी राजमार्ग र पूर्वपश्चिम राजमार्ग क्षेत्रमा लागुऔषध ओसारपसार तथा कारोबार नियन्त्रणका लागि निगरानी र चेकजाँचलाई थप कडाइ गरेको जनाएको छ।

# वीरगञ्जको नीति तथा कार्यक्रम : सुशासनयुक्त महानगरमा जोड, नागरिक केन्द्रित सेवा प्रणाली

पर्सा, १० असार। वीरगञ्ज महानगरपालिकाले आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा पूर्वाधार विकास, वन तथा वातावरण, विपद् व्यवस्थापन, आर्थिक विकास, सामाजिक विकास र सुशासनमा जोड दिएको छ। महानगरपालिकाका कार्यवाहक प्रमुख इम्तियाज आलमले बुधबार महानगरको २०औं नगरसभामा आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै डिजिटल, सुशासनयुक्त महानगर, नागरिक केन्द्रित सेवा प्रणाली भएको सहर, हरित तथा दिगो सहरी संरचनायुक्त स्थान, उद्यमशीलता र लगानीको केन्द्र, तथा अवसर सिर्जना गर्ने आर्थिक केन्द्रका रूपमा रूपान्तरण गर्ने लक्ष्य लिएको बताए।



नीति तथा कार्यक्रमले दीगो विकास लक्ष्यको स्थानीयकरण, आधुनिक तथा गुणस्तरीय शहरी पूर्वाधार निर्माण, सुरक्षित र व्यवस्थित बस्ती विकास, शिक्षा तथा स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि, कृषि तथा उद्यम विकास, लगानी तथा पर्यटन प्रवर्द्धन, सुशासन, वातावरण संरक्षण, विपद् व्यवस्थापन, सामाजिक सुरक्षा तथा समावेशी विकासलाई प्रमुख प्राथमिकताका रूपमा अघि सारेको प्रमुख आलमले उल्लेख गरे। महानगरपालिकाको आन्तरिक आय अभिवृद्धि, प्रक्रियागत पुनसंरचनामार्फत सेवा प्रवाह सुधार, प्रविधिमैत्री प्रशासन, नागरिक सहभागितामा आधारित विकास व्यवस्थापन तथा सार्वजनिक स्रोतसाधनको पारदर्शी र परिणाममुखी परिचालनलाई पनि विशेष जोड दिइएको छ।

प्रमुख आलमले भने, "कृषि क्षेत्रको आधुनिकीकरण, विविधीकरण तथा व्यवसायीकरणका लागि आधुनिक प्रविधिमा आधारित उत्पादनशील कृषि प्रणाली अवलम्बन गरिनेछ, मुख्य खाद्यान्नबाली गहुँको उत्पादकत्व बढाउन कृषकलाई ५० प्रतिशत अनुदानमा उन्नत गहुँको बीउ वितरण गर्ने व्यवस्थालाई महत्त्वका साथ निरन्तरता दिइनेछ।" महानगरले जलवायु परिवर्तन तथा रसायनिक मलको उच्चतम प्रयोगका कारण कृषि क्षेत्रमा सिर्जित जोखिम र बालीनालीमा लाग्ने आकस्मिक रोगव्याधि तथा कीरा नियन्त्रणका लागि 'आकस्मिक बाली संरक्षण कार्यक्रम' समेत सञ्चालन गर्ने भएको छ। कृषकलाई नवीन प्रविधिसँग जोड्न बर्षे र हिउँदे मिनीकिट तथा सहरी क्षेत्रमा च्याउ खेती प्रवर्द्धनका लागि च्याउको बीउ वितरण कार्यक्रमलाई प्राथमिकता भने महानगरले भनेको छ।


नीति तथा कार्यक्रममा भनिएको छ, "दिगो विकासको लक्ष्य अनुरूप गुणस्तरीय शिक्षा सुनिश्चित गर्न महानगर क्षेत्रभित्र रहेका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयको मूल धारबाट कुनै पनि बालबालिकालाई बञ्चित हुन नदिन खास विद्यार्थी भर्ना दरलाई शतप्रतिशत बनाउन निरन्तर समन्वय, सहकार्य, अनुगमन तथा मूल्याङ्कन कार्यमा तीव्रता ल्याइनेछ।"

# देशभर १ लाख ३७ हजार हेक्टर जमिनमा रोपाइँ

काठमाण्डौ, १० असार। देशभर अहिलेसम्म १ लाख ३७ हजार हेक्टर क्षेत्रफलमा रोपाइँ भएको छ। कृषि विभागले देशभर झन्डै १० प्रतिशत धान रोपाइँ भएको जनाएको हो। गएको वर्षको तुलनामा असार पहिलो हप्तासम्म रोपाइँ ०.४ प्रतिशतले बढेको छ। देशभर झन्डै १३ लाख ८१ हजार हेक्टर जमिनमा रोपाइँ हुने गर्छ। अस्ति असार ८ गतेसम्म सबैभन्दा धेरै कर्णाली प्रदेशमा २२.८ प्रतिशत र बागमती प्रदेशमा २.३ प्रतिशत रोपाइँ भएको छ। मधेश प्रदेशमा झन्डै ५ प्रतिशतमात्र रोपाइँ भएको छ। धान उत्पादन तथा क्षेत्रफलका हिसाबले यो क्षेत्र महत्वपूर्ण मानिन्छ।

विभागका महानिर्देशक प्रकाशकुमार सञ्जेलका अनुसार मनसुन अलि ढिला सक्रिय भएको र रोपाइँका लागि अहिलेसम्म आवश्यक पर्याप्त पानी नपरेकाले रोपाइँ धमाधम हुन सकेको छैन। मौसम अनुकूल नहुनु, मलको अभावजस्ता मुख्य समस्याले कतिपय क्षेत्रमा ढिलो रोपाइँ हुने गरेको छ। आउँदो सोमवार असार १५ गते राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव मनाइँदैछ। विभागले यस वर्ष 'जलवायुमैत्री प्रविधि, धानमा आत्मनिर्भरता र समृद्धि' नारा तय गरेको छ।




मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)